“हामी सवैको रहर, सफा, सुन्दर, सुरक्षित र सक्षम विराटनगर”

**विराटनगर महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

विराटनगर, मोरंग

प्रदेश नं. १

मिति : २०७८।०१।०७

श्री प्याब्सन /एन प्याब्सन, विराटनगर

**विषय : संयुक्त विज्ञप्ती सम्वन्धमा**

प्रस्तुत विषयमा त्यहाँको नामबाट जारी गरिएको मिति उल्लेख नभइ प्याव्सन र एन प्यावसन अध्यक्षबाट हस्ताक्षर भएको संयुक्त विज्ञप्तीबाट कक्षा ५ को महानगरपालिकास्तरीय परीक्षाको विषयमा ध्यानाकर्षण गराएको सर्न्दभमा कानूनमा भएको व्यवस्था र नीतिलाई कार्यान्वियन गर्नका लागि महानगरपालिकाबाट भए गरेको कार्यहरुको विषयमा सम्वन्धित सरोकारवालाहरु नै प्रष्ट हुनुहुन्न र यस विषयमा कुनै दुविधा नभइ यस शैक्षिक प्रशासन महाशाखाबाट पूर्व निर्धारित परीक्षा तालिका बमोजिम गर्नु गराउनु हुन सवैमा अनुरोध छ। आधारभूत शिक्षा प्राथमिक तह (कक्षा १-५ ) सञ्चालित विद्यालयको अन्तमा लिइने परीक्षाको नीतिगत एवं कानूनी व्यवस्था र परीक्षाको आवश्यकता एवं औचित्यका विषयमा, संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति र कक्षा ८ परीक्षाको शु:ल्क सम्वन्धमा निम्नानुसार प्रष्टहुन समेत सम्बन्धित सवैमा अनुरोध छ।

**क.संयुक्त विज्ञप्तीको बुँदा १ देखि ८ सम्मको सम्वन्धमा :**

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ ज १५मा विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र व्यवस्थापन उल्लेख भएको र स्थानीय सरकारको अधिकार र जिम्मेवारी अनुरुप शैक्षिक सत्र २०७७ सालमा आधारभूत तह कक्षा ५ उत्तीर्ण परीक्षा नगरस्तरबाट सञ्चालन गर्ने भनि महानगर कार्यपालिकाको मिति २०७७।१२।३० को ८८ औं बैठकबाट निर्णय भएको र मिति २०७८।०१।०३ मा बसेको नगर शिक्षा समितिको बैठकबाट समेत कक्षा ८ र कक्षा ५ को नगरस्तरीय परीक्षा यहि मिति २०७८ बैशाख मसान्त भित्र सञ्चालन गर्ने निर्णय भएको हुँदा महानगर कार्यपालिका र नगर शिक्षा समितिको बैठकबाट कानून बमोजिम भएका निर्णयको कार्यान्वियन गर्नु गराउनु यस महाशाखाको जिम्मेवारी रहेको।

२.मौजुदा संघीय शिक्षा नियमावली २०५९ परिच्छेद ८ नियम ३९ प्राथमिक शिक्षा सिकाइ उपलब्धी परीक्षण सम्वन्धी व्यवस्था रहेको जसमा कक्षा ३ र कक्षा ५का विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गर्न स्रोतकेन्द्रमा सिकाइ उपलब्धी परीक्षण समिति रहने व्यवस्था भएकोमा हाल संघीयता कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएपछि स्रोतकेन्द्रका सवै कामहरु स्थानीय पालिका अन्तरगत आएको।

३.मौजुदा संघीय शिक्षा नियमावली २०५९ नियम ७८ भर्ना सम्विन्धी व्यवस्थामा १ (क) मा कक्षा ६ भर्ना हुन समेत कक्षा ५ उत्तिर्ण भएको प्रमाण पत्र आवश्यक पर्ने कानूनी व्यवस्था भएको।

४.पाठ्यक्रमको कार्यान्वयन एवं प्रभावकारिता र निरन्तर विद्यार्थी मूल्यांकन (CAS) को प्रभावकारिता मूल्यांकन गर्न समेत विद्यालयबाट लिइने परीक्षा बाहेक बाह्य परिक्षणको आवश्यकता भएको। स्थानीय तहले लिने परीक्षा केन्द्रीकृत परीक्षा नभइ स्थानीयपालीकामा सञ्चालित विद्यालयका विद्यार्थीहरुको विषयगत सिकाइ उपलब्धी स्तर पहिचान गरी पाइएका कमी कमजोरीहरुलाई सुधार गर्न आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा गन'समेत आधारभूत तहको

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं.१, नेपाल

प्रमुख शिक्षा अधिकृत

उप-सचिव-दशौं तह

प्राथमिक कक्षा (कक्षा १-५) को अन्तिम उपलब्धि परिक्षण मापन एवं मूल्यांकन अति आवश्यक भएको । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले समय समयमा कक्षा ३ र ५ का परीक्षाहरु सञ्चालन गरि गुणस्तर परीक्षण गर्ने गरेको छ ।

५ बर्तमान कक्षा ४ र ५ को पाठ्यक्रममा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजामा आधारित आन्तरिक मूल्याङ्कन ५० प्रतिशत भार तथा अन्तिम परीक्षाको नतिजाका आधारमा ५० प्रतिशत भार निर्धारण गरी निर्णयात्मक मूल्याङ्कन गर्नुपर्ने छ भन्ने प्रावधान रहेको हुँदा यसवाट विद्यालयले गरेको आन्तरिक मूल्याङ्कन र नगरस्तरीय परीक्षणको मूल्याङ्कन जोडेर विद्यार्थीको समष्टिगत ग्रेडसिट तयार हुने भएकोले यसको नतिजामा दुवै मूल्याङ्कनको भार समावेश हुने हुँदा निर्दिष्ट पाठ्यक्रमको भावना अनुरुप हुन्छ ।

६.विद्यालयमा नै लिइने यस परीक्षाले विद्यार्थी र विषयगत शिक्षक दुवैलाई सिकाइमा उच्चस्तर कायम गर्न प्रोत्साहित गर्दछ । विद्यालयले समेत नतिजाका आधारमा आफ्नो विद्यालयको सिकाइ स्तरको स्वमूल्याकन गर्ने अवसर प्राप्त गर्दछ । यसरी बाह्य निकायबाट विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण हुनेहुँदा पाठ्यक्रम र पाठ्यपुस्तक केन्द्रित क्रियाकलाप सञ्चालनमा पनि सहायक हुन्छ ।

७.कक्षा ५ सम्ममात्र सञ्चालित संस्थागत विद्यालयको कुनै प्रकारको अभिलेख यस महानगर पालिकामा नभएको, विद्यार्थीहरु छिमेकी मुलुक भारतबाट पनि यहाँका विद्यालयहरुमा अध्ययन गरिरहेका र कतिपय विद्यार्थी छिमेकी मुलुक भारतमा अध्ययन गर्न जान चाहने र त्यसरी जानुपर्दा सरकारी निकायको प्रमाणिकता आवश्यक पर्ने भएकोले यस प्रकारको प्रशासनिक कामका लागि समेत विद्यार्थीहरुको आधिकारिक अभिलेख आवश्यक भएको हुँदा नगरस्तरीय यस परीक्षाले कक्षा ५मा अध्ययनरत सबै विद्यार्थीहरुलाई राष्ट्रिय सूचनाप्रणाली (EMIS) मा आवद्ध गराउने, अभिलेखिकरण हुने र महानगरमा पनि अभिलेखिकरण हुने भएकोले यसबाट शैक्षिक सूचना व्यवस्थापनको महत्वपूर्ण कार्य हुने ।

**ख.संयुक्त विज्ञप्तीको वुँदा ९ को सम्वन्धमा :**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को परिच्छेद ६मा कसुर तथा जरिवाना सम्वन्धी व्यवस्था गरेको छ । ऐनको दफा २७ ले निजी लगानीका विद्यालयहरुले प्रारम्भिक बालविकास तथा शिक्षा र आधारभूत शिक्षा सेवामुलक तथा लोककल्याणकारी हिसावले सञ्चालन गर्नु पर्ने र प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा बाह्र सम्म पाँचसयसम्म विद्यार्थी हुने विद्यालयले दशप्रतिशत ,पाँचसय देखि आठसयसम्म विद्यार्थी हुनेले कम्तिमा बाह्रप्रतिशत र आठसय भन्दा बढि हुनेले कम्तिमा पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदानको लागी स्थान आरक्षण गर्नुपर्ने व्यवस्था रहेको र सो नगर्ने विद्यालयका प्रधानाध्यापकलाई विगो बमोजिमको रकम वा पच्चीस हजार रुपैया मध्ये जुन बढि हुन्छ सो रकम वरावर जरिवाना स्थानीय न्यायिक समितिले गर्ने व्यवस्था ऐनको दफा ३२ मा राखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ ज १६ मा निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापनको व्यवस्था छ । सम्मानित संसदबाट जारी भएका देशको संघीय कानूनी व्यवस्थालाई मान्दैनौ तथा घोर भर्त्सना गर्दछौ भन्नु गैरकानूनी हुन जान्छ । त्यसैले मौजुदा नेपाल राज्यमा जारी ऐनको पालना गर्नु गराउनु सवैको जिम्मेवारी समेत रहेको स्मरण हुन आवश्यक छ ।

**ग.बुँदा १० सम्वन्धमा :**

कक्षा ८ को परीक्षामा परीक्षा समन्वय समिति,परीक्षा व्यवस्थापन तथा सञ्चालन समिति, र उपसमीति आदिको व्यवस्था भएकोले समितिको खर्च ,परीक्षा फारम छपाइ, प्रश्नपत्र निर्माण कार्यशाला, प्रश्नपत्र निर्माता र मोडेरेशनकर्ताका लागि पारिश्रमिक ,प्रश्न पत्र छपाई, प्याकेजिङ, मार्कलेजर छपाई, ग्रेडसिट छपाइ र प्रिन्ट ,ढुवानी ,उत्तरपुस्तिका परीक्षण र समपरीक्षण ,परिक्षा सञ्चालन तथा अनुगमन , परीक्षामा खटिइने कर्मचारीको पारिश्रमिक आदि विविध शीर्षकमा रकम खर्च हुने भएको हुँदा प्रति विद्यार्थीबाट लिएको रु ३००।- रकमबाट मात्र खर्च व्यवस्थापन हुन नसकि महानगर पालिकाबाट समेत थप खर्च व्यहोरिन्छ । बोर्डबाट लिइने परीक्षालाई कक्षा शिक्षकले लिने विषयगत परीक्षासंग तुलना गर्न मिल्दैन ।

प्रमुख शिक्षा अधिकृत
उप-सचिव (...औं तह)

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं.१, नेपाल

संस्थागत विद्यालयले कुनै पनि कक्षामा आन्तरिक परीक्षा सञ्चालन गर्न समेत यो भन्दा धेरै नै प्रति विद्यार्थी शुल्क लिने गरेको पाइएको छ । प्याब्सन /एन प्याब्सन विराटनगरमा आवद्ध सवै विद्यालयले परीक्षावापत विद्यार्थीबाट लिने गरेको शुल्क विवरण लिइ समिक्षा गर्न आएमा र औचित्य पुष्ट्याइ गरेमा विद्यालयले लिने गरेको शुल्कको समेत समिक्षा हुनेछ र वास्वविक लागत बराबर मात्र शुल्क विद्यार्थीबाट असुल गर्न उपयुक्त हुनेछ । राष्ट्रिय परीक्षाबोर्डबाट लिइने बार्डको परीक्षामा SEE मा प्रति विद्यार्थी रजिष्ट्रेशन र परीक्षा फारमबापत क्रमश: रु ३००। र रु ५००। प्रति विद्यार्थी राजश्व लिने गरेको बारेमा पनि स्मरण गराइन्छ र यस विषयमा समिक्षा गरौं ।

**घः बुदा नं. ११ सम्वन्धमा :**

विद्यालयले महानगरपालिकालाई तिर्नु पर्ने ऐन बमोजिम तोकिएको राजश्व समयमा तिर्नु सवै करदाता निजी लगानीका विद्यालयको दायित्व अन्तरगत पर्दछ । कानूनबमोजिम तोकिएको राजश्व छुट दिने व्यवस्था नभएको हुँदा सरकारी निकायले सेवा प्रदान गर्दाका बखत करदाताबाट कर असुल गर्नु गराउनु कानून कार्यान्वयन गर्ने गराउने निकायको भएको र यस विषयमा विराटनगर महानगर कार्यपालिकाको कार्यालय ,राजश्व महाशाखाबाट पत्र समेत लेखि आएंको हुनाले सवै विद्यालयहरुलाई तोकिएको राजश्ज समेत बुझाउन सुचित गरिएको हो ।

०१/०६

दुर्गाप्रसाद खतिवडा
नगर शिक्षा अधिकारी
उपसचिव दशौंतह

प्रमुख शिक्षा अधिकृत
उप-सचिव-दशौं तह

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं.१, नेपाल

अवगतार्थ :

श्री प्रमुख ज्यु ,प्रमुखको सचिवालय, विराटनगर
श्री उपप्रमुख ज्यु उपप्रमुखको सचिवालय ,विराटनगर ।
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु ,विराटनगर महानगरपालिका ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, मोरङ